# प्रदेश लोक सेवा आयोग

कोशी प्रदेश, विराटनगर

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत अप्राविधिक तर्फ प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/आ.ले.प. समूह, अधिकृतस्तर सातौं तह, शाखा अधिकृत वा सो सरह पदहरूको खुला प्रतियोगितात्मक लिखित परीक्षा

**मिति:- २०८१/१२/१४**

**समय: ३ घण्टा** | **पत्र: चतुर्थ** | **पूर्णाङ्क: १००**

**विषय: सेवा समूह सम्बन्धी विषय**

सवै प्रश्नहरू अनिवार्य छन् । प्रश्नहरूको उत्तर खण्ड (Section) अनुसार बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ । परीक्षामा मोवाइल लगायतका विद्युतीय उपकरणहरू प्रयोग गर्न पाइने छैन ।

## Section –A — Marks-30

1. प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारको उल्लेख गर्दै प्रदेश लोक सेवा आयोगसँग परामर्श लिनुपर्ने विषय माथि छोटकरीमा चर्चा गर्नुहोस् । [5+5=10]

2. निर्णय प्रक्रियाको परिचय दिनुहोस् । नेपालको सार्वजनिक प्रशासनको निर्णय प्रक्रिया बारे जानकारी दिदैं निर्णय प्रक्रियाका विद्यमान कमजोरीहरू उल्लेख गर्नुहोस् । [3+3+4=10]

3. स्थानीय तहहरू सेवा प्रवाहका मूल थलो हुन् । जनताले अधिकांश सेवाहरू वडा तहबाटै पाउने गर्दछन् । यस सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेको मुख्य-मुख्य व्यवस्थाहरू के के छन् ? उल्लेख गर्नुहोस् । [10]

## Section –B — Marks-20

4. संघबाट प्रदेश र स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा लिइने आधारहरूको चर्चा गर्दै प्रदेश तहमा बजेट निर्माण गर्दा अपनाइने चरणहरू बारे छोटकरीमा उल्लेख गर्नुहोस् । *[5+5=10]*

5. नेपालको कर प्रणालीमा मूल्य अभिवृद्धि कर (Value Added Tax-VAT) को कार्यान्वयन अवस्था र देखिएका समस्याहरू औंल्याउँदै समस्या समाधानका उपायहरू प्रस्तुत गर्नुहोस् । [6+4=10]

## Section –C — Marks-30

6. आन्तरिक र अन्तिम लेखापरीक्षणमा के कस्ता समानता र भिन्नताहरू रहेका छन् ? आन्तरिक लेखापरीक्षणको वर्तमान व्यवस्था उल्लेख गर्दै नेपालको सन्दर्भमा आन्तरिक लेखापरीक्षणलाई कसरी प्रभावकारी बनाउन सकिन्छ सुझाव दिनुहोस् । [3+3+4=10]

7. दोहोरो लेखा प्रणालीका विशेषता उल्लेख गर्दै नगदमा आधारित लेखा प्रणाली र प्रोदभावीमा आधारित लेखा प्रणाली बीच भिन्नता दर्शाउनुहोस् । [4+6=10]

8. स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) र राजश्व व्यवस्थापन सूचना प्रणाली (RMIS) बारेमा छोटकरीमा चर्चा गर्नुहोस् । [5+5=10]

## Section –D — Marks-20

9. संसदीय समितिको आवश्यकता र औचित्य बारे प्रकाश पार्दै नेपालमा संसदीय समितिहरूको भूमिका र अभ्यासका बारेमा संक्षिप्त विवेचना गर्नुहोस् । [5+5=10]

10. संघीय व्यवस्थापिकाको गठन व्यवस्थाको चर्चा गर्दै प्रतिनिधि सभा र राष्ट्रिय सभाको कार्यगत सम्बन्धमा प्रकाश पार्नुहोस् । [5+5=10]

<<The End>>

www.sarkarijagir.com

Scanned with CamScanner